# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ मंसीर ३ गते

### निर्वाचन सुरक्षा व्यवस्था तत्काल सवल बनाऊ !

आसन्न प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको क्रममा रौतहट, भोजपुर, लमजुङ, नुवाकोट, लगायतका जिल्लामा बम विष्फोट भई एक जना बालकसहित दर्जनौं व्यक्तिहरू घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राजनीतिक दलका चुनावी कार्यक्रम एवं उम्मेदवारहरुलाई लक्षित गरी भएका श्रृंखलाबद्ध बम आक्रमणका घटनाहरुले निर्वाचन सुरक्षा व्यवस्था फितलो हुँदै गएको देखिन्छ । यी घटनाहरूबाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ लगायतका नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धीहरु, नेपालको संविधान लगायतका कानुनहरु, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगबाट दिइएको निर्देशनको समेत उल्लंघन भएको छ ।

अबोध बालक सहित निर्दोष व्यक्तिहरु घाइते हुने गरी भएका यी अमानवीय घटनाहरूप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ । घटनाका दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन र घाइते व्यक्तिहरूको निशूल्क र प्रभावकारी उपचारको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आफ्ना राजनीतिक विचारलाई शान्तिपूर्ण वार्ताका माध्यमबाट समधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

राज्यका सबै सुरक्षा व्यवस्थालाई प्रभावकारी तुल्याई शान्तिपूर्ण र भयरहित वातावरणमा जनप्रतिनिधि छान्न पाउने नागरिकको नैसर्गिक अधिकारको सुनिश्चित् गर्न आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

...................
मोहना अन्सारी
सदस्य / प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org